नेपाली राजदूतावास
तेल अबिब, ईजरायल
Embassy of Nepal
Tel Aviv, Israel

# इजरायलमा रहनुभएका नेपाली नागरिकहरूलाई अत्यन्त जरूरी सूचना !

मध्यपूर्वमा विकसित बढ्दो तनावका कारण जारी युद्धबाट आउन सक्ने गम्भीर समस्यालाई ध्यान दिंदै इजरायलस्थित विभिन्न स्थानहरूमा रहनुभएका नेपाली नागरिकहरूलाई देहायबमोजिम पालना गर्नु हुन नेपाली राजदूतावास पुनः हार्दिक अनुरोध गर्दछ:

- संयमता अपनाई हाल वसोवास गरिरहेको स्थानमा सतर्क र सुरक्षित रूपमा रहनु हुन,
- Home Front Command लगायत इजरायल सरकार एवं इजरायल सरकारको आधिकारिक निकायद्वारा जारी सूचना र निर्देशनहरू पालना गर्नु हुन,
- Alert SMS आएमा तथा Siren बजेमा हेलचेक्र्याईं नगरी समयभित्रै आफू नजिक रहेको Bomb Shelter मा अनिवार्यरूपमा जानु हुन,
- आफ्नो राहदानी, परिचयपत्र, सवारी चालक अनुमतिपत्र, बैंक कार्ड लगायतका कागजात आफ्नो साथमा राख्नु हुन,
- विकसित घट्नाक्रमको बारेमा नियमितरूपमा अद्यावधिक जानकारी राख्नु हुन,
- सामाजिक सञ्जालमा देखिएका युद्धसम्बन्धी भिडियोहरू अनावश्यकरूपमा सेयर नगर्नु हुन,
- साथीभाइ, परिवार तथा आफन्तसँग नियमित सम्पर्कमा रहनु हुन,
- आपतकालीन अवस्थामा नेपाली राजदूतावासको सहयोगको लागि देहायबमोजिमको नम्बरमा सम्पर्क गर्नु हुन।

१. श्री कुमारबहादुर श्रेष्ठ, द्वितीय सचिव, सम्पर्क नं. +972 535360748

२. श्री सञ्जयकुमार शाह, तृतीय सचिव, सम्पर्क नं. +972 54 558 2077

नेपाली राजदूतावास,
तेल अविव
मिति: २०८२/१२/२४

Textile Center Building, 2 Kaufman St. Tel Aviv, 6801294
Tel, (+972)35100111, Fax. (+972)35167965,
Email:telaviv@nepalembassyil.com, Website: www.il.nepalembassy.gov.np